नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
**भरतपुर अस्पताल**
भरतपुर, चितवन

# बुलेटिन

वर्ष : ५ | अङ्क : ३ | माघ २०७९

## अध्यक्षको कलमबाट



राजु पौडेल
अध्यक्ष
भरतपुर अस्पताल विकास समिति

स्वास्थ्य सेवाको क्षेत्रमा लामो इतिहास बोकेको तथा देशकै मध्यभागमा अवस्थित भरतपुर अस्पताललाई अहिलेको अवस्थासम्म ल्याउन आआफ्नो क्षेत्रबाट सहयोग गर्नुहुने सम्पूर्ण महानुभावहरूप्रति हार्दिक आभार एवं धन्यवाद ज्ञापन गर्दछु।

विगतका विषम परिस्थितिमा पनि यस अस्पतालले पुर्‍याएको सेवा अब्बल रहेको सर्वविदितै छ । अहिले समयसँगसँगै केन्द्रीय अस्पताल भएको र यसले पुर्‍याउने सेवा विशिष्टीकृत गर्दै हामीले पुर्‍याउँदै आएका अन्य सेवालाई पनि निरन्तरता दिनुपर्ने बाध्यता छ। यसका साथै बढ्दो जनसङ्ख्या र मेडिकल सिटीको रूपमा विकास हुँदै गइरहेको भरतपुरमा बढ्दो बिरामीको चाप हाम्रो चुनौतीको रूपमा रहेको छ।

चुनौतीलाई सामना गरेर उच्चस्तरको सेवा दिन सक्ने अस्पताल बनाउनु हाम्रा लागि अवसर पनि हो। यस अवसरलाई सहयोग पुर्‍याउन हामीसँग बलियो र सबल नेतृत्वसहितको स्थानीय सरकार, प्रदेश सरकार र सङ्घीय सरकार भएकाले हाम्रो सामूहिक प्रत्यत्नले यस अस्पतालले गुणात्मक फड्को मार्ने कुरामा म पूर्ण विश्वस्त छु। यस प्राप्तिका लागि केही नयाँ आयामहरू थप्ने र बिरामीलाई सहजै सेवा प्राप्त गर्ने वातावरण मिलाउन हाम्रो समिति प्रयत्नशील छ । यस अस्पताललाई शिक्षण अस्पताल वा प्रतिष्ठानमा लाने, बर्थिङ सेन्टर एवं मातृस्वास्थ्य क्लिनिक सञ्चालन गर्ने, ट्रमा सेन्टर सञ्चालनमा ल्याउने, सरुवा रोग भवनको निर्माण तोकिएको समयभित्रै सम्पन्न गर्ने, बर्नकेयर युनिट, प्यालिएटिभ केयर युनिट, क्याथल्याव सेवा सञ्चालनमा ल्याउन कुरामा हाम्रो समिति क्रियाशील हुनेछ। त्यसै गरी कर्मचारी आवास गृह एवं व्यायामशाला सञ्चालनमा ल्याउने हाम्रो उद्देश्य रहनेछ। तसर्थ यस अस्पतालको भौतिक पूर्वाधार एवं प्राज्ञिक उन्नयनका लागि समस्त सरोकारवालाहरू एवं शुभचिन्तकहरूबाट पूर्ण सहयोगको अपेक्षा गर्दछु।

## जनताले राज्य खोज्ने थलो सरकारी अस्पताल हो.....



प्रा. डा. कृष्ण प्रसाद पौडेल
मेडिकल सुपरिन्टेन्डेन्ट

**१) ६०० बेड अस्पतालको वागडोर सम्हाल्नु भएको डेढ वर्ष हुँदै छ । कस्तो अनुभव गर्नुभएको छ ?**

अत्यन्त व्यस्तताका बिच समय बितेको छ । आफूलाई यो समय जीवनकै छोटो समय जस्तो लाग्छ। बिहानदेखि बेलुकी साँझसम्म समय गएको पत्तै हुँदैन । तर यस समयमा अस्पताल विकास र विरामीहरूको सुविधका लागि प्रशस्त काम गर्न सकिएकाले सन्तोषको महसुस भने भएको छ।

**२) छोटकरीमा सेवा सुविधाको वृद्धि सम्बन्धमा के भन्नुहुन्छ ?**

एक तरिकाले यसलाई अस्पतालको Hardware/Software भनेर विश्लेषण गरौँ न, Hardware विकासमा उल्लेख्य प्रगति भएका छन् । सायदै यस छोटो समयमा जनताले आफ्नो अस्पताल यति परिवर्तन भएको देखेका होलान् । पुराना भवनहरूबाट धेरै सेवाहरू नयाँ भवनमा (इमरजेन्सी, C-Block का सेवाहरू र अन्य भौतिक पूर्वाधारहरू) नयाँ भवनमा सरिसके । तर सेवाग्राहीको चित्त यतिले मात्र पूरा हुन सक्दैन । Software

*बाँकी पृष्ठ ४ मा*

**भरतपुर अस्पतालबाट विगत ६ महिनामा (२०७९/04/01 देखि २०७९/09/30 सम्म) प्रदान गरिएको सेवाको विवरण**

| S.N | Service Name | Service Provided Nos. | | Total |
|---|---|---|---|---|
| | | General | Insurance | |
| 1 | Emergency | 15440 | 12538 | 27978 |
| 2 | Indoor Admissions | 15916 | | 15916 |
| 3 | OPD | 49497 | 98740 | 148237 |
| 4 | USG | 14342 | 19380 | 33722 |
| 5 | X-RAY | 17792 | 22675 | 40467 |
| 6 | CT Scan | 1988 | 2413 | 4401 |
| 7 | Physiotherapy | 653 | 1213 | 1866 |
| 8 | ECG | 3835 | 8067 | 11902 |
| 9 | EEG | 10 | 19 | 29 |
| 10 | Echo | 1160 | 2475 | 3635 |
| 12 | Endoscopy | 210 | 457 | 667 |

## प्रधानमन्त्रीको निर्देशनपछि भिडव्यवस्थापनमा चालिएका प्रभावकारी कदमहरू

सम्माननीय प्रधानमन्त्री पुष्प कमल दाहल 'प्रचण्ड' ज्यूले सरकारी अस्पतालहरूका सेवाग्राहीहरूको भिडभाडलाई व्यवस्थापन गर्न निर्देशन दिएलगत्तै अस्पताल प्रशासनले विभिन्न उपायहरू अवलम्बन गरेको छ । साबिकमा रहेको एउटै बिलिङ काउन्टर (१५ नं.) लाई इमर्जेन्सी र Block B मा पनि विस्तारित गरिएको छ। विस्तारित इमर्जेन्सी काउन्टर बाट आकस्मिक सेवाग्राहिहरूका सम्पूर्ण टिकेटिङ/बिलिङ गरिएको छ भने प्रसूति तथा स्त्रीरोग विभागको भवनमा बिलिङ गर्ने एवं Discharge गर्ने सम्पूर्ण कार्यहरू ३२ नं. कोठासँगै रहेको काउन्टर (Block-B) बाट गरिएको छ। आकस्मिक र प्रसूति सेवा लिने सेवाग्राहीहरूलाई केही सहज हुनेछ ।

अस्पतालमा Billing Counter मा QR Code Systemबाट भुक्तानी गर्ने व्यवस्था गरिएको छ। प्रयोगशालाको नमुना सङ्कलन तथा रिपोर्ट वितरण गर्ने कक्ष नयाँ Block C (Trauma and Diagnostic Block) बाट नै गर्ने व्यवस्था मिलाइएको छ र पर्याप्त स्थान अभावले यसअघि सेवाग्राहीहरूलाई नमुना सङ्कलनका लागि घाममा उभिनुपर्ने बाध्यता हटेको छ। आकस्मिक कक्षभित्र छुट्टै प्रयोगशाला र X-Ray बनाएपछि सिकिस्त बिरामीहरूको नमुना सङ्कलन एवं X-Ray गर्न सहज भएको छ। साथै बहिरङ्ग विभागका सेवाग्राहीहरूको नमुना सङ्कलन र X-Ray का लागि साविककै ठाउँमा व्यवस्थापन गरीएको छ । बिमाका बिरामीको शल्यक्रियाको पालो ढिलो आएको गुनासो सम्बोधन गर्दै अस्पताल प्रशासनले दिउँसो २:३० बजे पछि पनि बिमाका बिरामीहरूलाई शल्यक्रिया गर्न सर्कुलर जारी गरेको छ। अतिरिक्त समयमा कर्मचारीहरूलाई काम गराउनका लागि अस्पतालले आन्तरिक गृहकार्य जारी राखेको छ।



अस्पतालका अध्यक्षज्यूबाट अस्पतालको गुरूयोजनाबारे सूचना अधिकारीबाट जानकारी लिनुहुँदै

## सरसफाइकर्मीहरूलाई तालिम सम्पन्न

भरतपुर अस्पतालको आयोजनामा Khem's Cleaning बाट अस्पतालमा कार्यरत ९७ जना सरसफाइकर्मीहरूका लागि सरसफाइसम्बन्धी दश दिने तालिम सम्पन्न भएको छ।



सरसफाइकर्मीहरूलाई १० दिने तालिमको समापन कार्यक्रम

उक्त तालिमपछि अस्पताल परिसरको सरसफाइमा सुधार आउने अपेक्षा अस्पतालले गरेको छ । उक्त कार्यक्रमको समापन कार्यक्रममा पूर्व अध्यक्ष विजय सुवेदी, निवर्तमान अध्यक्ष डा. भोजराज अधिकारी, वर्तमान अध्यक्ष राजु पौडेल र अस्पतालका मे.सु. प्रा. डा. कृष्ण प्रसाद पौडेलले संयुक्त रूपमा प्रमाणपत्र प्रदान गर्नुभएको थियो।

## Fellowship in Spinal Surgery कार्यक्रमका लागि आवेदन आह्वान

भरतपुर अस्पतालमा आर्थिक वर्ष २०७९/०८० (सन् २०२३) मा सञ्चालन हुने Fellowship in Spinal Surgery कार्यक्रमका लागि अर्थोपेडिक्स विषयमा स्नातकोत्तर (MS) अध्ययन गरेका चिकित्सकहरूबाट वि.सं. २०७९ माघ १६ मा भर्नासम्बन्धी सूचना जारी गरिएको छ । यसअघि नै अस्पतालमा डा. समाज गौतमले चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान (NAMS) अन्तर्गत छ महिनाको फेलोसिप कार्यक्रम सफलतापूर्वक सम्पन्न गरिसक्नुभएको छ।




पौष महिनाको उत्कृष्ट कर्मचारीको रूपमा पुरस्कृत अप्सरा कोइराला र पुष्पा बुढाथोकी

## भरतपुर अस्पतालमा नेपाल सरकारद्वारा सञ्चालित निःशुल्क कार्यक्रमहरू

नेपालको संविधान २०७२ को धारा ३५ मा 'प्रत्येक नागरिकलाई राज्यबाट कानुनमा व्यवस्था भएबमोजिम आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुनेछ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित गरिनेछैन' भनी स्वास्थ्य सेवालाई नागरिकको मौलिक हकअन्तर्गत राखिएको छ।

**हाल भरतपुर अस्पतालमा नेपाल सरकारद्वारा सञ्चालित निःशुल्क कार्यक्रमहरू**

१) आमा सुरक्षा कार्यक्रम
२) सामाजिक सेवा एकाइ
३) अस्पतालमा आधारित एकद्वार सङ्कट व्यवस्थापन केन्द्र
४) Geriatric (ज्येष्ठ नागरिकहरूलाई निःशुल्क स्वास्थ्य सेवा)
५) हाइड्रोसिल भएका बिरामीहरूलाई निःशुल्क अपरेसन तथा उपचार
६) परिवार नियोजन तथा सुरक्षित गर्भपतन सेवा
७) २८ दिनमुनिका नवजात शिशुहरूको उपचार (NICU)
८) पोषण कार्यक्रम (पोषण गृह सञ्चालनमा रहेको)
९) विपन्न नागरिक उपचार कार्यक्रमअन्तर्गत हेड इन्जुरी, हेमोडाइलाइसिस, स्पाइनल इन्जुरी र मुटुरोगको उपचार।
१०) HIV सङ्क्रमितहरूलाई ART सेवा
११) निःशुल्क आकस्मिक स्वास्थ्य सेवा (गरिब तथा विपन्न वर्गलाई प्रारम्भिक चरणको आकस्मिक स्वास्थ्य सेवा निःशुल्क उपलब्ध गराउनेसम्बन्धी कार्यविधि २०७७ अनुसार)



अस्पतालमा नवनिर्मित आकस्मिक भवनको संयुक्त रूपमा उद्घाटन गर्दै नगरप्रमुख रेणु दाहाल र स्वास्थ्य सचिव डा. रोशन पोखरेल



नवनियुक्त अध्यक्ष श्री राजु पौडेललाई स्वागत गर्दै अस्पतालका मे.सु. प्रा. डा. कृष्ण प्रसाद पौडेललगायत अस्पतालका पदाधिकारीहरू

## लैङ्गिक हिंसा र यसको वर्गीकरण

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्न संयुक्त राष्ट्रसङ्घिय महासन्धिले गरेको परिभाषाअनुसार "लैङ्गिक हिंसा भनेको त्यस्तो हिंसा हो जो महिला भएर जन्मेकै कारण महिलाविरुद्ध हुने गर्दछ, अथवा त्यस्तो हिंसा जसले असमान ढङ्गमा महिलालाई प्रभाव पारेको हुन्छ। यसमा शारीरिक, मानसिक र यौनिक रूपमा महिलामाथि चोट, हानी वा नोक्सानी पुऱ्याउने वा दुःख दिने, धम्की, बाध्यता वा वलपूर्वक महिलाको स्वतन्त्रता हनन गर्ने जस्ता लैङ्गिक विभेदमा आधारित हिंसाका कार्यहरू पर्दछन्।

समाजमा परापूर्व कालदेखि नै विद्यमान लैङ्गिक मूल्य मान्यताका साथै महिला र पुरुषबिचको असमान शक्तिसम्बन्धका कारण लैङ्गिक विभेदले बलियोसँग जरा गाडेको छ। यसकारण समाजमा विशेषगरी महिला र किशोरीहरू हिंसाका सिकार बन्न पुगेका छन्। यसले गर्दा बाँच्न पाउने अधिकार, स्वतन्त्रता, सुरक्षा, आत्मसम्मान, महिला र पुरुषबिचको समानता, विभेदरहित र शारीरिक तथा मानसिक अखण्डताका आधारभूत अधिकारहरूबाट महिलाहरू वञ्चित छन्। धेरैजसो लैङ्गिक हिंसामा पुरुषले नै महिला र किशोरीहरूलाई कष्टमा पार्ने, दुर्व्यवहार गर्ने एवं पीडा दिने गरेका छन्। यसो त पितृसत्तात्मक परम्परागत समस्याका कारण घटनाको पुष्टि नभए पनि पुरुष वा केटाहरू तथा लैङ्गिक अल्पसङ्ख्यकहरू समेत लैङ्गिक हिंसामा पर्ने क्रम बढ्न थालेको छ।

समाजमा देखिएको लैङ्गिक हिंसालाई यसरी वर्गिकरण गरिएको छ।

१. बलात्कार/करणी
२. यौनजन्य दुर्व्यवहार
३. शारीरिक दुर्व्यवहार
४. जबर्जस्ती विवाह
५. स्रोत, साधन, अवसर वा सेवाबाट वञ्चित
६. मानसिक दुर्व्यवहार
७. रूढिवादी परम्पराका आधारमा
दाइजो प्रथा, देउकी प्रथा, छाउपडी

**हिरादेवी सुवेदी - अस्पतालमा आधारित एकद्वार संकट व्यवस्थापक केन्द्रको सम्पर्क व्यक्ति**

## जनताले राज्य खोज्ने ........

भनेको सेवाको सहजता, गुणस्तरीयता, क्लिनिकल कामहरूको क्षमता, कर्मचारीहरूको बोलीवचन, लगाव र सेवाभाव जस्ता सबै कुराहरूले सेवाग्राहीको मनमा विश्वास पैदा गर्न सके मात्र हामी सफल हुन्छौं।

**३. आगामी योजनाहरू के के छन् ?**

हालसम्म गर्न नसकेका केही कामहरू पनि छन्। प्रमुख कुरा त यसलाई शिक्षण संस्था बनाउने उद्देश्य रहेको छ। २०७४ सालमा स्वीकृत गुरुयोजनामा नै २०८४ सालसम्म १००० वेड क्षमताको सरकारी मेडिकल कलेज बनाउने भन्ने उल्लेख छ। स्नातक वा स्नातकोत्तर शिक्षा दिन भरतपुर अस्पतालको पूर्वाधार, स्रोत र जनशक्ति प्रर्याप्त छ तर हाम्रो पहिचानसहितको शैक्षिक संस्था बनाउने दिशामा केही प्रगति भएको छैन। २०७२ सालदेखि नर्सिङ कलेज र २०७४ सालदेखि चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानका MD/MS/Fellowship कार्यक्रम सञ्चालित छन्। O&M (सङ्गठन तथा व्यवस्थापन) सर्भे सम्पन्न भएर दरबन्दीसम्बन्धी फाइल अर्थ मन्त्रालयमा गइसकेको छ। तेस्रो कुरा ढल–नाला सुधारमा केही काम गर्न सकिएको छैन। अस्पतालले ढल–नालाको निकास पनि प्राप्त गर्न सकेको छैन।

**४) चुनौतीहरू के के खेप्नुभएको छ ?**

सरकारी सेवा प्रदायक कार्यालयहरूमा जनताको ठुलो अपेक्षा र गुनासो हुनु स्वाभाविक हो। जनताले राज्य खोज्ने थलो पनि हो – सरकारी अस्पताल। यही आशा, आकाङ्क्षा पूरा गर्नु नै मुख्य चुनौती भएको छ। गुणस्तीय सेवा दिनु र अस्पतालका हरेक अङ्गलाई बिरामीमैत्री बनाउनुलाई नै मैले चुनौती मान्दै आएको छु। फार्मेसीमा औषधी सप्लाई टेन्डर पारेका सप्लायर्सहरूले समयमा औषधी र उपकरण नदिँदा सेवाग्राही रुष्ट हुने समस्याले पिरोलेको छ। मागको तुलनामा सरकारी दरबन्दी कम हुँदा भिडभाडको समस्या पनि एउटा चुनौती हो।

*(अस्पतालका प्रमुख मे.सु. सँग बुलेटिन प्रकाशन समितिका संयोजक डा. गोविन्द कंडेलज्यूले लिनुभएको अन्तर्वार्ताको अंश)*

**भरतपुर अस्पताल**
**बुलेटिन प्रकाशन समिति**

संयोजक :
डा. गोविन्द कंडेल, प्रवक्ता
सदस्य :
मुरलीधर घिमिरे, उपप्राध्यापक
सदस्य सचिव :
गोपालप्रसाद पौडेल, सूचना अधिकारी

# भरतपुर अस्पतालको इन्टरकम नम्बरहरू

## NTC 056-597003

| S.N | Department / Ward / Section | Ext. Number |
|---|---|---|
| 1 | Information Desk | 100 |
| 2 | Information Desk 2 | 101 |
| 3 | Oxygen Plant | 133 |
| | **Admin Block** | |
| 1 | Medical Superintendent | 145 |
| 2 | IT Support | 117 |
| 3 | Procurement (Kharid) | 119 |
| 4 | Store | 123 |
| 5 | Account Office | 144 |
| 6 | Metron Office | 146 |
| 7 | Administration | 147 |
| 8 | Information Officer / Spokesperson | 149 |
| 9 | Medical Record Section | 150 |
| 10 | Admin Section Officer | 151 |
| | **Emergency Block** | |
| 1 | Emergency Counter | 102 |
| 2 | Ultrasonography | 109 |
| 3 | Histopathology | 113 |
| 4 | OCMC | 114 |
| 5 | Emergency Doctor Room | 115 |
| 6 | Old Cabin | 121 |
| 8 | Emergency Ward | 128 |
| 9 | Observation Ward | 129 |
| 10 | X-Ray | 130 |
| 11 | Ct-Scan | 131 |
| 12 | Police Bit | 132 |
| 13 | Laboratory | 134 |
| 14 | Insurance Office (Bima) | 135 |
| | **A Block** | |
| 1 | Operation Theatre | 103 |
| 2 | Male Medical Ward | 104 |
| 3 | Female Medical Ward | 105 |
| 4 | Hemodialysis | 106 |
| 5 | Surgical Ward | 110 |
| 6 | Medical Cabin | 112 |
| 7 | Surgical - ICU | 124 |
| 8 | Medical - ICU | 125 |
| 9 | Post-Operative Ward | 126 |
| 10 | CSSD | 127 |
| | **B Block** | |
| 1 | Pediatrics Ward | 120 |
| 2 | Nutrition Department | 137 |
| 4 | Maternity - Admission | 139 |
| 5 | Gyane Paying Ward | 140 |
| 6 | NICU | 141 |
| 8 | Gyane Ward | 143 |
| 9 | Gyane Post-Operative Ward | 148 |
| | **C Block** | |
| 1 | Orthopedics Ward | 116 |
| | **Pharmacy** | |
| 1 | Dispensary Pharmacy | 107 |
| 2 | OT Pharmacy | 111 |
| | **Others** | |
| 1 | Nursing College | 136 |
| 2 | OPD Pharmacy | 142 |
| 3 | OPD Ticket Counter | 122 |
| 4 | OPD Incharge | 138 |
| 5 | Echo/Endoscopy Unit | 108 |